नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १७९ २०७६ साल फागुन २ गते शुक्रबार (14 Feb. 2020 Friday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : नियमित विद्युत् आपूर्तिपछि ... ३ पृष्ठमा : फेरि स्ववियु निर्वाचन ३ पृष्ठमा : ह्वाट्सआपका प्रयोगकर्ता ...

# धनुषाको महेन्द्रनगर बम काण्डका मुख्य योजनाकार सप्तरीबाट पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगरस्थित राजेश साहको घरमा मंसिर २७ गते राति भएको बम बिष्फोटलगायतको घटनाका मुख्य योजनाकारका रुपमा रहेका साहस भनिने इन्दल साहलाई प्रहरीले सप्तरीबाट पक्राउ गरेको छ । साहलाई प्रहरीले मोस्टवान्टेड सूचीमा राखेको थियो ।

जिल्ला अदालत धनुषाबाट कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, बिष्फोटक पदार्थ सम्बन्धि कसुर र संगठित अपराध मुद्दामा कसुर ठहरी फरार रहेका साहलाई प्रहरीले सप्तरीको सुरुङ्गा नगरपालिका ६ बाट पक्राउ गरेको हो ।

नेत्रविक्रम चन्द समूहका प्रदेश कमिटी ब्यूरो सदस्य समेत रहेका धनुषाधाम नगरपालिका ६ सरस्वतीपुर बस्ने ३४ वर्षिय साहस भनिने इन्दल साहलाई बिहीबार सुरुङ्गा नगरपालिका ६ श्रीपुर बस्ने एक व्यक्तिको घरमा चन्दा माग्दै गरेको अवस्थामा ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको प्रहरीले पक्राउ गरेको जनाइएको छ ।

मंसिर २७ गते महेन्द्रनगरमा भएको बम विस्फोटमा परी इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा कार्यरत प्रहरी निरीक्षक अमिरकुमार दाहाल, घरधनी राजेश साह र निजका छोरा आनन्दकुमार साहको मृत्यु भएको थियो । बम विस्फोटमै परेर राजेशका बुबा भिखारी साह, राजेशका अर्का छोरा प्रकाश साह, राजेशकी छोरी अञ्जली साह, छिमेकी अकवर मन्सुर, सकिला खातुन, निक्की साह र प्रहरी जवान रिजनाथ महतो घाइते भएका थिए ।

# दादुरा रूबेला खोप राष्ट्रिय अभियान सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

दादुरा रूबेला खोप राष्ट्रिय अभियान कार्यक्रम बिहीबारदेखी सुरु भएको छ । राजविराजस्थित केअ माविमा दादुरा रूवेला खोप अभियान सुरू भएको हो ।

फागुन १ गते देखि ३० गते सम्म जिल्लाको सबै स्थानिय तहमा तीन चरणमा खोप अभियान कार्यक्रम संचालन भएको छ । सो अभियानको राजबिराज नगरपालिका प्रमुख शम्भु प्रसाद यादवले अभियानको उद्घाटन गरेका हुन् ।

सरकारले सन् २०२३ सम्म

*बाँकी दुई पृष्ठमा*



# दश महिनापछि खेलकुदको ताला खुल्यो



**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

गत जेठ ७ गतेदेखी विभिन्न माँगहरु राख्दै जिल्ला खेलकुद विकास समिति कार्यालय सप्तरीमा लगाइएको ताला दश महिनापछि विहिबार खुलेको छ ।

समितिकै उपाध्यक्ष धिरेन्द्र बर्माको नेतृत्मा बहुमत पदाधिकारीले विभिन्न माग राखी समितिको कार्यालयमा तालाबन्दी गरिएको थियो ।

समितिको कोषाध्यक्ष राजेश कुमार चोधरीले दिउसो ३ बजे तिर समितिका उपाध्यक्ष धिरेन्द्र बर्मा भारोत्तोलन सप्तरीका अध्यक्ष महेश प्रसाद यादव, खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, राष्ट्रिय खेलाडी तथा प्रशिक्षक उपाध्यक्ष मनोज यादवलगायत खेलाडी र प्रशिक्षकको उपस्थितिमा सो ताला खोलिएको हो ।

यसैबीच बिहिबारै कोषाध्यक्ष चौधरीले विज्ञप्ती जारी गरी लामो समयको तालाबन्दीका कारण खेलकुद गतिविधि प्रभावित भएकाले खेलाडीहरुको भावनाको कदर गर्दै तालाबन्दी कार्यक्रम तत्कालका लागि फिर्ता लिईएको जनाएका छन् ।

यद्यपी विज्ञप्तीमा आफुहरुले उठाएका तीन बुँदे माग सात दिन भित्र सम्बोधन नभए थप शसक्त कार्यक्रम गर्ने चेतावनी समेत विज्ञप्ती माफर्त दिइएको छ । समितिका सवै पदाधिकारी सत्ताधारी नेकपाद्वारा नै मनोनित भएपनि २ गुटमा विभाजित भएपछि विवाद सँगै तालाबन्दी पनि लम्बीदै गएको थियो ।

अध्यक्ष अमर खवास बाहेकका पदाधिकारीले कार्यालय प्रमुख दिनेश भुजेलको सरुवा हुनुपर्ने, २०७१/०७२ देखिको आय व्यय सार्वजनिक गर्नुपर्ने तथा कार्यालय प्रमुख र कोषाध्यक्षको संयुक्त नाममा समितिको खाता संचालन हुनुपर्ने प्रमुख माग राखी गत ७ जेठमा समितिको मुल गेट तथा कार्यालयका अन्य सवै फाटमा तालाबन्दी गरेका थिए ।

तालाबन्दीका कारण विभिन्न राष्ट्रिय प्रतियोगितामा सप्तरीबाट खेलाडीहरु सहभागिता हुनबाट बञ्चित समेत भएका थिए ।


# दुर्घटनामा महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ गोरियाहीमा बुधबार साँझ मोटर साइकल अनियन्त्रित भई दुर्घटना

*बाँकी तीन पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**





बुध्द एयरको वेबसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

फोन नं. : 031-522408/09




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →




**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### आगलागिका घटनाबाट सचेत रहौं

फागुनदेखी बैशाख महिनासम्म हावाहुरीको महिना हो । यस महिनामा सप्तरी जिल्लामा हरेक वर्ष हुने आगलागिबाट करोडौं मूल्य बराबरको क्षति हुने गरेको छ । यस्ता घटनाबाट बच्न जिल्लामा अहिलेसम्म कुनै योजना, नीति निर्माण तथा जनचेतना समेत दिइएको देखिन्न् ।

यस्ता सम्भावित घटनालाई मध्यनजर राखि कहिले पनि पूर्वतयारी वा राहत सम्बन्धि बितरणको तयारी पनि गरिदैन् । आगलागिबाट बच्न उत्तम उपाय भनेको ग्रामिण स्तरमा गएर जनचेतना जगाउनु नै हो । आगलागि प्रायजसो अतिविपन्न दलित, पिछ्डिएको परिवार वा बस्तीबाट नै लाग्ने गर्दछ । आगलागि कुनै सुनियोजित ढंगले नभइकन अज्ञानता र दैवि प्रकोपबाट लाग्ने गर्छ । यसका लागि सम्बन्धित पक्षले चेतनामूलक कुरा प्रचार प्रसारका माध्यमबाट गराउन सक्नुपर्दछ । जसले आगलागिको घटनामा न्यूनिकरण आउन सक्छ ।

नेपालमै सबैभन्दा बढी आगलागि हुने जिल्ला सप्तरी, अग्रपन्थीमा रहेपनि यसको निराकरनका लागि कतैबाट कुनै चासो देखिन्न् । तसर्थ सबै मिलेर आगलागि बारे चेतनामूलक र पूर्व तयारी बारे जानकारी गराउन अग्रसर हुनुपर्ने आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# नियमित विद्युत् आपूर्तिपछि प्रतिव्यक्ति ऊर्जा खपत बढ्यो

काठमाडौं, १ फागुन (रासस) ।

विद्युत् खपत बढाउनका लागि सरकारले गरेको सार्थक प्रयास एवं प्रचारात्मक अभियानका कारण चालू आर्थिक वर्षको छ महिनामा प्रतिव्यक्ति ऊर्जा खपत बढेको पाइएको छ । मुलुकमा विद्युत्भार कटौती अन्त्य भई नियमतिरूपमा विद्युत् उपलब्ध हुन थालेपछि प्रतिव्यक्ति विद्युत् खपतको मात्रामा उल्लेख्य वृद्धि भएको हो । उल्लेख्य मात्रामा विद्युत् उपलब्ध भएको तथा सरकारले पनि बढी विद्युत् खपतका लागि आग्रह गरेकाले पनि उपभोक्ताले बढी विद्युत् प्रयोग गर्न थालेका हुन् ।

विद्युत्भार कटौतीको अवस्था रहेका बेला तीन वर्षअघि प्रतिव्यक्ति ऊर्जा खपत १५० युनिट रहेकामा चालू आर्थिक वर्षको पहिलो छ महिनामा बढेर २६७ युनिट पुगेको छ । अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको चालू आवको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा गत आवमा २४५ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत चालू आवको छ महिनामा २२ युनिटले बढेर २६७ युनिट पुगेको छ ।

विद्युत्भार कटौती नेपालका लागि अब इतिहास भइसकेको र नियमित विद्युत् आपूर्ति हुन थालेपछि पछिल्ला वर्षमा उद्योगको उत्पादन क्षमता पनि वृद्धि भएको छ भने मुलुकको आर्थिक वृद्धिदर उत्साहजनक देखिएको छ । पछिल्लो तीन वर्षमा मात्रै आर्थिक वृद्धिदर लगातार छ प्रतिशत भन्दामाथि रहेको छ ।

यस्तै सरकारले आगामी वर्षमा प्रतिव्यक्ति ऊर्जा खपत दर बढाउँदै दक्षिण एशियाका अन्य मुलुक सरह बनाउने लक्ष्य राखेको छ । सोही नीति कार्यान्वयनका लागि नेपाल विद्युत् प्राधिकरणले विद्युत् खपत बढाउन घरघरमा विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गर्ने र विद्युतीय सवारी चलाउन चार्जिङ स्टसेन स्थापना गर्ने कार्यक्रम अगाडि बढाएको छ । प्राधिकरणले यसका लागि इन्डक्सन चुलो र चार्जिङ स्टेसनको भारलाई धान्ने गरी संरचनाको सुदृढीकरण, स्तरोन्नति र विस्तारलाई प्रमुख प्राथमिकता दिएको छ ।

सरकारले २०७९ (सन् २०२२) सम्ममा नेपालका हरेक घरधुरीमा विद्युत् सेवा र चार वर्षभित्रमा प्रतिव्यक्ति विद्युत् खपतलाई ७०० युनिट पुऱ्याउने लक्ष्य राखेको छ । मुलुकभरका ७५३ स्थानीय तहमध्ये २२२ मा ९० प्रतिशभन्दा बढी विद्युत् सेवा पुगेको छ । प्राधिकरणले गत भदौमा मुलुकभरका स्थानीय तहका गाउँपालिका र नगरपालिकाको वडासम्मको विस्तृत अध्ययन गरी सार्वजनिक गरेको विद्युतीकरण तथ्याङ्कअनुसार ११७ स्थानीय तहमा विद्युतीकरण पाँच प्रतिशतभन्दा कम छ ।

केही स्थानीय तहमा अझै विद्युत् पुगको छैन । त्यस्तै ५५ स्थानीय तहमा पाँचदेखि ३५ प्रतिशतसम्म विद्युतीकरण भएको छ । १०६ स्थानीय तहमा ३५ देखि ६५ प्रतिशत र २५३ मा ६५ देखि ९० प्रतिशतसम्म विद्युतीकरण भएको छ ।

अर्थ मन्त्रालयका अनुसार चालू आवको छ महिनामा वितरण लाइन विस्तार, स्तरोन्नति तथा सुदृढीकरण गरेर ४६ लाख ८१ हजार घरधुरीमा विद्युत् पुगेको छ । गत आवसम्ममा ४५ लाख घरधुरीमा विद्युत् पुगेको थियो ।

सरकारले चालू आवमा ४० जिल्लामा पूर्णरूपमा विद्युतीकरण गर्ने कार्यक्रम राखेको छ । अहिलेसम्म पर्वत, स्याङ्जा, काठमाडौं र भक्तपुरमा पूर्णरुपमा विद्युतीकरण भएको छ । राष्ट्रिय ग्रीड पुऱ्याउन सम्भव नहुने स्थानमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत ब्याट्री स्टोरेज प्रणालीसहितको माइक्रो-हाइड्रो, सोलार तथा वायु ऊर्जामार्फत विद्युत् पुऱ्याउने सरकारको कार्यक्रम छ ।

पूर्ण विद्युतीकरणको कार्यक्रम प्राधिकरणमार्फत कार्यान्वयन गर्न ग्रामीण विद्युतीकरणका लागि रु पाँच अर्ब थप स्रोतको व्यवस्थापन गर्नुपर्ने अर्थ मन्त्रालयले जनाएको छ । समीक्षा अवधिमा आन्तरिक विद्युत् जडित क्षमता एक हजार २२० मेगावाटबाट बढेर एक हजार ३४३ मेगावाट पुगेको छ । यस अवधिमा विभिन्न कारणले समस्यामा परेका प्राधिकरणका ६० मेगावाटको माथिल्लो त्रिशूली ३ ए र १४ मेगावाटको कुलेखानी तेस्रो र निजी क्षेत्रका आठ जलविद्युत् आयोजना निर्माण सम्पन्न भई राष्ट्रिय प्रणालीमा जोडिएका हुन् ।

# उत्खनन् र नदीजन्य पदार्थ नउठाउन निर्देशन

रौतहट, १ फागुन (रासस) ।

रौतहटस्थित स्थानीय प्रशासन र जिल्ला समन्वय समितिको संयुक्त अनुगमन टोलीले लालबकैया नदी उत्खनन तथा नदीजन्य पदार्थ ओसार्न प्रतिबन्ध लगाएको छ ।

प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे नेतृत्वको संयुक्त टोलीले फतुवा विजयपुर र गुजरा नगरपालिकाको सिमानाभित्र पर्ने नदीको स्थगलत अनुगमन गरी नदी उत्खनन तथा नदीजन्य पदार्थ नउठाउन निर्देशन दिएको हो ।

फतुवा विजयपुर र गुजरा नगरपालिकामा पर्ने लालबकैया नदीको सबै घाटबाट अर्को आदेश नआएसम्म उत्खनन तथा नदीजन्य पदार्थ ओसारपसार नगर्न प्रजिअ घिमिरेले साह निर्माण सेवाका अध्यक्ष नागेन्द्र साहलाई बुधबार साँझ निर्देशन दिनुभयो । उहाँको निर्देशनगलत्तै रौतहटका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रबिराज खड्का र सशस्त्र प्रहरी ११ नं रौतहटका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक रवीनराज कर्णजितले पनि गुजरा र फतुवा विजयपुरको सिमानाभित्र पर्ने लालबकैया नदी निगरानी गर्न मातहतका प्रहरी एकाइलाई निर्देशन दिनुभएको छ ।

लालबकैया नदीको नदीजन्य पदार्थ उठाउन साह निर्माण सेवाले ठेक्का लिएर सरकारको नीतिविपरीत नदीको बीच धारमा ठाउँठाँउमा जेसिभी र स्काभेटर प्रयोग गरी ठेकेदारले पोखरीको स्वरुप ठूलाठूला खाडल बनाएका छन् ।

अनुगमनमा त्यस्तो पाइएपछि प्रमुख जिल्ला अधिकारी घिमिरेले नदीजन्य पदार्थ नउठाउन निर्देशन दिनुभएको हो । सरकारले तोकेको नीतिमा नदीको छेउमा बढीमा दुई मिटरसम्म खनेर नदीजन्य पदार्थ उठाउन सकिने व्यवस्था गरेको जिल्ला अनुगमन समितिका सभापति रामएकवाल यादवले बताउनुभयो ।

तर ठेकेदारले लालबकैया नदीको बोटवा, गर्जा, पशुपति छेउको घाटलगायत दर्जन बढी स्थानमा जेसिभी र स्काभेटर प्रयोग गरी नदीजन्य पदार्थ निकालेर खोलाको बीचमा ठूलाठूला खाडल बनाएको सभापति यादवले बताउनुभयो । केही समययता लालबकैया नदीबाट गिट्टी, ग्राभेल, बालुवा निकालेर दर्जनौं ठेकेदारले जिल्लाको छुटाछुटै स्थानमा ठूलो मात्रामा भण्डारण गरेको देखिएको छ ।

निर्माणकार्यमा लाग्ने लागतअनुसार नदीजन्य पदार्थ उठाउन राख्न सकिने व्यवस्थाबिपरीत ठेकेदार तथा क्रसर उद्योगीले नदीजन्य पदार्थको ठूलो भण्डारण गरेको अनुगमनमा पाइएको छ । त्यसअघि टोलीले बौधीमाई नगरपालिका फतुवा, विजयपुर, गुजरालगायतका स्थानीय तहमा सञ्चालित क्रसर उद्योगको स्थलगत अनुगमन निरीक्षण गरेको थियो ।

संयुक्त अनुगमन टोलीमा प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, जिल्ला समन्वय समितिका सभापति रामएकवाल यादव, इन्द्र बक्स गण नेपाली सेनाका गणपति सामन्तध्वज खाँड, प्रहरी उपरीक्षक रबिराज खड्का, सशस्त्र उपरीक्षक रबीनराज कर्णजित, घरेलु तथा साना उद्योग कार्यालय गौरका नायबसुब्बा प्रमोद बर्मा, फतुवा विजयपुर, गुजरा नगरपालिकाका प्रतिनिधिलगायतको सहभागिता थियो ।

## दादुरा रूबेला ...

दादुरा रूवेला रोग उन्मुलन गर्ने लक्ष्य लिएर सो राष्ट्रिय खोप अभियान संचालन गरिएको हो । अभियानमा ९ महिना देखि ५ बर्ष मुनिका बालवालिकाहरूलाई खोप लगाउने प्रमुख यादवले बताए ।

जिल्लाको विभिन्न वडा र पालिकावाट गरिने तीन चरणको अभियानका लागि ५३ लाख ८७ हजार १ सय ६० रूपैयाँ बिनियोजना गरिएको कार्यालय प्रमुख यादवको भनाई छ ।

राष्ट्रिय खोप कार्यक्रम अनुसार देशभरीमा ७८ प्रतिशत बालबालिकाले खोप प्राप्त गरेका छन भने २१ प्रतिशतले आंशिक खोप तथा एक प्रतिशत वालवालिका खोपबाट वञ्चित छन् । यता प्रदेश २ मा पनि ७३ प्रतिशत वालवालिका खोप लगाएको तथा २७ प्रतिशत बालवालिका खोपवाट बञ्चित रहेका छन् ।

कुनै पनि बच्चा खोप खुवाउनबाट बञ्चित नभएको वा छुटेको भनी वडा, पालिका, तथा जिल्ला खोप समन्वय समितिवाट प्रमाणित गरिदिएपछि शतप्रतिशत खोप खुवाएको बुझिने प्रमुख यादबले बताए ।

अभियान अन्तरगतलाई जिल्लामा तीन चरणमा संचालन गरिएको छ । पहिलो चरण फागुन १ गतेदेखि फाल्गुन ९ गतेसम्म राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा संचालन हुनेछ ।

त्यस्तै दोश्रो चरण फागुन ११ गतेदेखि फागुन १९ गतेसम्म डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा संचालन हुनेछ ।

यसैगरि तेश्रो चरण फागुन २१ गतेदेखि फागुन २९ गतेसम्म बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिकामा संचालन हुने जिल्ला खोप समन्वय समिति स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# सप्तकोशीको जेट बोट बन्द

धरान, १ फागुन (रासस) ।

सुनसरीको चतरास्थित सप्तकोशीमा निजी कम्पनीले चलाउँदै आएका जेट बोट अनिश्चितकालका लागि बन्द भएका छन् । स्थानीयवासीको अवरोध तथा व्यावसायिक असुरक्षा बढेको भन्दै बोट सञ्चालकले बुधबारदेखि नै सेवा बन्द गरेको सप्तकोशी टुरिजम एण्ड वाटर ट्रान्सपोर्टेशन प्रालिका सञ्चालक राजेन्द्र कार्कीले जानकारी दिनुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*

# फेरि स्ववियु निर्वाचन अन्योलमा

काठमाडौँ, १ फागुन (रासस)। पटक–पटक स्थगित हुँदै आएको त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन यसपटक पनि निर्धारित समयमा नहुने भएको छ।

विद्यार्थी सङ्गठनबीच निर्वाचन गर्ने बारेमा सहमति हुन नसक्दा त्रिविले यही फागुन १४ गतेका लागि तोकेको स्ववियु निर्वाचन निर्धारित समयमा नहुने निश्चित भएको हो। तोकिएको समयमा स्ववियु निर्वाचन नहुने निश्चित भएपछि यसपटक पनि निर्वाचनबारे थप अन्योल बढेको हो।

प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन विद्यार्थी सङ्गठनका कारणले विगत १० वर्षदेखि नियमित हुनसकेको छैन। फागुन १४ गते नजिकै आउँदा न निर्वाचनको कार्यतालिका सार्वजनिक गरिएको छ न क्याम्पसले नै तयारी गरेका छन्। निर्वाचनका लागि त्रिविले सम्पूर्ण तयारी गरे पनि विद्यार्थी सङ्गठनबीच सहमति हुन नसक्दा निर्वाचन सार्नुको विकल्प नभएको त्रिविको विद्यार्थी कल्याण महाशाखा प्रमुख गङ्गाबहादुर थापाले जानकारी दिनुभयो।

त्रिविमा विसं २०६५ यता क्याम्पसमा स्ववियु निर्वाचन हुनसकेको छैन। तीन वर्षअघि विसं २०७३ मा भएको निर्वाचन २५० क्याम्पसमा मात्र भएको थियो। प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन निर्धारित समयमा हुन नसक्दा विद्यार्थी आन्दोलन नै शिथिल भएको छ। विद्यार्थी सङ्गठनबीच निर्वाचन प्रणाली, उमेरहदबन्दीका कारणले स्ववियु निर्वाचन विगत १० वर्षदेखि हुन नसकेको हो।

उहाँका अनुसार नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले नयाँ शिक्षाध्यक्षको नियुक्त गर्नुपर्ने माग राखेपछि निर्धारित समयमा निर्वाचन गर्न नसकिने भएको हो। फागुन १४ गतेका लागि निर्धारण गरिएको निर्वाचनको कम्तीमा २० दिन पहिला निर्वाचन कार्यतालिका सार्वजनिक गर्नुपर्ने थियो। तर अहिलेसम्म पनि कार्यतालिका सार्वजनिक नगरिएकाले निर्वाचन तोकिएको समयमा नहुने निश्चित भएको हो।

“यदि विद्यार्थी सङ्गठन सहमति गरेर आउँछन् भने अहिले पनि निर्वाचन गर्न सकिन्छ”, थापाले भन्नुभयो, ‘‘तर नेविसङ्घले नयाँ शिक्षाध्यक्ष नियुक्त नहुँदासम्म निर्वाचन प्रक्रियामा नै भाग नलिने भनेपछि निर्वाचन तोकिएको समयमा असम्भव भएको हो।” विद्यार्थी सङ्गठनको सहमतिमा करीब एक महिना निर्वाचन सार्ने त्रिविको तयारी छ। त्रिविमा अहिले शिक्षाध्यक्ष रिक्त रहेकाले कायममुकाय शिक्षाध्यक्ष शिवलाल भुसाल रहनुभएको छ।

थापाले विद्यार्थी सङ्गठनसँग पुनः छलफल गरेर नयाँ मिति तय गर्ने बताउनुभयो। त्रिविले ६२ आङ्गिक क्याम्पसमा स्ववियु निर्वाचनको तयारी गर्न क्याम्पस प्रमुखलाई पत्र पठाइसकेको थियो। पत्रअनुसार ती क्याम्पस स्ववियु निर्वाचनको तयारीमा जुटेका थिए। तोकिएको निर्वाचनका लागि यही फागुन ४ गतेदेखि निर्वाचन प्रक्रिया शुरु गर्ने प्रस्ताव गरिएको थियो।

नेविसङ्घका महामन्त्री बलदेव तिमिल्सनाले अहिलेको त्रिविको गतिविधिले निर्वाचन हुन नसक्ने बताउनुभयो। उहाँले आफ्नो सङ्गठन निर्वाचनका लागि जहिलेसुकै तयार रहेकाले निर्वाचनको वातावरण त्रिविले बनाउनुपर्ने बताउनुभयो। “निर्वाचन गर्ने निर्वाचन समितिका संयोजकको पद रिक्त छ”, उहाँले भन्नुभयो, “निर्वाचन समितिका संयोजकबिनाको स्ववियु निर्वाचन हुन सक्दैन, संयोजक नियुक्त गरेर त्रिविले निर्वाचनको वातावरण बनाउनुपर्दछ।”

अनेरास्ववियुका केन्द्रीय सदस्य आरसी लामिछानेले नेविसङ्घले शिक्षाध्यक्ष नियुक्तिमा बखेडा झिकेर १० वर्षपछि हुन थालेको निर्वाचनमा फेरि अन्योल गराएको बताउनुभयो। उहाँले स्ववियु निर्वाचन नहुँदा विद्यार्थी आन्दोलनको साख गिरेकाले नेविसङ्घसँग छलफल गरेर निर्वाचन गर्नुपर्ने बताउनुभयो। त्रिवि सभाका सदस्य तथा आरआर क्याम्पसका स्ववियु सभापति तपेन्द्र शाहीले फागुनमा निर्वाचन हुन नभएपछि चैतमा गर्ने भन्नेबारेमा छलफल भइरहेको बताउनुभयो। त्रिविले विसं २०७३ देखि निर्वाचन २८ वर्षे उमेरहदबन्दी र मिश्रित निर्वाचन प्रणाली गर्दै आइरहेको छ।

# काँग्रेसद्वारा पार्टी विधानका केही दफा निलम्बन

काठमाडौँ, १ फागुन (रासस)। नेपाली काँग्रेसले पार्टीको आगामी अधिवेशन र महाधिवेशनको प्रयोजनका लागि मात्र लागू हुने गरी पार्टी विधानका केही दफा निलम्बन गरेको छ। काँग्रेस केन्द्रीय कार्यसमितिको बुधबार बसेको बैठकले पार्टीको क्रियाशील सदस्यता वितरण र नवीकरण गर्न तथा अधिवेशन र महाधिवेशनको कार्यतालिका कार्यान्वयन गर्न विधानका दफा निलम्बन गरेको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

विधानका दफा निलम्बन गर्ने निर्णयलाई पार्टीको आगामी महाधिवेशनबाट अनुमोदन गराइनेछ। बैठकले दफा ४ (२) को “एक वर्ष पुगेपछि”, (१०) (ञ) “छ महिना”, (१२) (ख) “नेपाली काँग्रेसको सदस्यता प्राप्त गरेको एक वर्ष पुगेको”, दफा ३५ को (२) (घ) “भन्दा कम्तीमा एक वर्ष” र “तीन महिना”, दफा ५० को (६) - “छ महिना अगावै” र “छ महिना” व्यवस्था निलम्बन गरेको उहाँले बताउनुभयो।

यसैगरी पार्टीका वडा तहमा हाल विद्यमान क्रियाशील सदस्य सङ्ख्याको बढीमा ५० प्रतिशत नयाँ क्रियाशील सदस्यता प्रदान गर्ने बैठकले निर्णय गरेको छ। काँग्रेसको नयाँ क्रियाशील सदस्यता वितरण गर्दा वडाको जनसङ्ख्याको बनोटलाई मध्यनजर गरी समानुपातिक समावेशीतालाई ध्यानमा राखी वितरण गरिनेछ।

काँग्रेस पार्टी सङ्गठनको अन्तरिम संरचनाको समायोजनको कार्य केही जिल्लामा हालसम्म पनि सम्पन्न नभइसकेकाले क्रियाशील सदस्यता वितरण/नवीकरण यही माघ १३ गतेको बैठकको निर्णयबाट पारित समायोजन र क्रियाशील सदस्यसम्बन्धी कार्यतालिका बमोजिम परिमार्जन गरिएको छ।

बैठकले राजनैतिक पूर्वाग्रह राखी भिन्न राजनीतिक आस्था राख्ने राजनीतिक दलका नेता कार्यकर्तालाई सुनियोजित रूपमा झुठा मुद्दा लगाउने, दमन गर्ने, सरकारकै संरक्षणमा संस्थागत भ्रष्टाचार गर्ने गरेको आरोप लगाउँदै संविधानको मर्म एवं भावना विपरीतका विधेयक र जनविरोधी क्रियाकलापकाविरुद्ध चरणबद्ध विरोधका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ।

सभापति शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकमा भ्रातृ सङ्घ एवं शुभेच्छुक संस्थाको विधानमा सैद्धान्तिक आधार तथा मापदण्ड एकरूपता निर्धारण समितिका संयोजक एनपी साउदले समितिको तर्फबाट बैठकमा नेपाल प्रजातन्त्र सेनानी सङ्घ, नेपाल किसान सङ्घ र नेपाल दलित सङ्घको विधान प्रस्तुत गर्नुभएको थियो।

# तोकिएको क्वारेन्टाइनस्थलमा सङ्क्रमण फैलन नदिन उच्च सतर्कता छ : स्वास्थ्य मन्त्रालय

काठमाडौँ, १ फागुन (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चीनमा रहेका नेपालीलाई ल्याएर राखिने क्वारेन्टाइन क्षेत्रमा कुनै सङ्क्रमण फैलन नदिन सरकारले उच्च सतर्कता अपनाएर काम गरिरहेको जनाएको छ।

मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गरी गृह, रक्षा, परराष्ट्र, शहरी विकास, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीसमेतको समन्वयमा क्वारेन्टाइनस्थलको आवश्यक सुरक्षा र निगरानी भइरहेको जनाएको छ। सरकारले चीनमा रहेका नेपालीलाई केही दिनमा नै नेपाल फर्काउने तयारी गरेको छ।

मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठद्वारा बुधबार जारी विज्ञप्तिमा नेपालमा एक जनामा बाहेक कुनै पनि व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण नरहेको जनाइएको छ। अहिलेसम्म १८ जनाको परीक्षण गरिएकोमा एक जनामा मात्रै सङ्क्रमण फेला परेको थियो। सङ्क्रमित व्यक्ति निको भएर घर फर्किसकेको श्रेष्ठले जानकारी दिनुभयो।

मन्त्रालयका अनुसार चीनको हुवेइ र वुहानलगायत २२ प्रान्तमा कोरोना भाइरस सङ्क्रमण भइसकेको छ। उक्त भाइरस चीनसहित २४ देशमा देखिएको छ। सरकारले कोरोनाको प्रभाव नेपालमा पर्न नदिन आवश्यक तयारी र उच्च सतर्कता अपनाइएको जनाएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार चीनबाट आएका व्यक्तिलाई आवश्यक स्वास्थ्य परीक्षण गरी शङ्का लागेमा अस्पताल लगिने र अन्यलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाएको छ। क्वारेन्टाइनमा राखिएका व्यक्तिलाई नियमित स्वास्थ्यपरीक्षण गरी शङ्कास्पदको प्रयोगशालामा परीक्षण गरिने, रोग लागेको शङ्का लागेमा आइसोलेसनमा राखिने, रोग सर्न नदिन विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डको आधारमा काम गरिने र सङ्क्रमित व्यक्ति भेटिए उपचारपछि निको भए पनि सङ्गठनको मापदण्डअनुसार नै अन्य व्यक्तिसँग सम्पर्कमा आउन नमिल्ने गरी राख्ने व्यवस्था मिलाइएको मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

चीनबाट ल्याउन लागिएका विद्यार्थी कोरोना भाइरसबाट सङ्क्रमित नभएको समेत मन्त्रालयले स्पष्ट पारेको पारेको छ।

### *दुर्घटनामा ...*

हुँदा एक महिलाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सप्तरीको सकर दही बस्ने ३५ वर्षीया मुनिदेवी यादव रहेकी छिन्।

बा१प ८००० नम्बरको मोटर साइकल अनियन्त्रित भइ दुर्घटना हुँदा घाइते भएकी यादवको बिपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

## विश्व समाचार

# ह्वाट्सआपका प्रयोगकर्ता दुई अर्ब नाघे

सान फ्रान्सिस्को, १ फागुन (रासस/एएफपी)।

फेसबुकको स्वामित्वमा रहेको ह्वाट्सआपका प्रयोगकर्ता दुई अर्बभन्दा बढी पुगेको फेसबुकले बुधबार जनाएको छ। मेसेन्जरझैं सञ्चार सेवा उपलब्ध गराउने ह्वाट्सआपलाई अझ बढी विश्वसनीय र सुरक्षित बनाउन ध्यान दिइने फेसबुकले प्रतिबद्धता व्यक्त गरेको छ।

फेसबुकले विश्वभर निकै लोकप्रियता कमाएको ह्वाट्सआप सञ्चार सेवालाई सन् २०१४ मा किनेको थियो। ह्वाट्सआपमा निःशुल्क सञ्चार सेवाका साथै भ्वाइस र भिडियो सेवा पनि उपलब्ध छ।

दुई अर्ब प्रयोगकर्ताको एउटा विशिष्ट कोशेढुङ्गा पार गर्न सफल भएकामा कम्पनीले गर्वको महशुस गरेको ह्वाट्सआपको ब्लगपोस्टमा लेखिएको छ। कम्पनीले व्यक्तिका निजी सूचनालाई अझ बढी विश्वासिलो ढङ्गबाट सुरक्षित गरिने र कसैले सहजै भङ्ग गर्न नसक्ने परिस्थिति निर्माण गरिने जनाएको छ।

अमेरिकी सरकारले ह्वाट्सआप, मेसेन्जर र भाइबरजस्ता सञ्चार सेवाका सन्देशमा राज्यका निकायको पहुँच बढाउनु पर्ने दाबी गर्दै आएको सन्दर्भमा फेसबुकले व्यक्तिका गोपनीय सूचनाको संरक्षणलाई अझ बलियो बनाउन चाहेको बताएको छ।

गत साता, बाल सुरक्षा संघसंस्थाले फेसबुक समक्ष बलिया “इन्क्रिप्सन” योजना लागू गर्दा बाल यौन दुराचारीले अनुचित फाइदा उठाउन सक्ने भन्दै यस्तो योजना स्थगित गर्न आग्रह गरेका छन्। ह्वाट्सआपका कर्मचारीले परीक्षणका रुपमा प्रयोग गरिरहेको इन्क्रिप्सन निकै बलियो रहेको र त्यसका डाटा कुनै पनि सरकारी निकायले अध्ययन गर्न नसक्ने देखिएको छ।

# चीनबाट आएका आगन्तुकलाई अस्ट्रेलिया प्रवेशमा प्रतिबन्ध जारी

सिड्नी, १ फागुन (रासस/एएफपी)।

कोरोना भाइरसबाट नराम्रोसँग प्रभावित चीनको मुख्य भू-भागबाट आउने यात्रुलाई अस्ट्रेलिया प्रवेशमा लगाइएको प्रतिबन्ध कम्तिमा अरु एक हप्ताका लागि बढाउने अस्ट्रेलिया सरकारले घोषणा गरेको छ। पछिल्लो समय चीनमा कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या तीव्ररुपमा बढेपछि अस्ट्रेलियाले उक्त निर्णय गरेको जनाएको छ।

प्रधानमन्त्री स्कट मोरिसनले अस्ट्रेलियालीलाई कोरोना भाइरसको जोखिमबाट जोगाउन अरु केही हप्ता चीनको मुख्य भूभागबाट आउने आगन्तुकमाथि रोक लगाइएको जानकारी दिनुभयो।

उहाँले यो प्रतिबन्ध भाइरसको परिस्थितिमा विचार गरेर हप्तैपिच्छे निर्णय लिइने बताउनुभयो।

यस निर्णयले अष्ट्रेलियाका पर्यटन व्यवसायीलाई ठूलो चोट पुगेको छ। चिनियाँ पर्यटकको हिस्सा घटेपछि व्यवसायमा ठूलो नोक्सानी भएको छ। साथै नयाँ शैक्षिक वर्षका लागि अष्ट्रेलिया फर्कने आशा गरिरहेका हजारौं चिनियाँ विद्यार्थी अलपत्र परेका छन्।

नयाँ कोरोना भाइरसबाट चीनमा मृत्यु हुने र सङ्क्रमित व्यक्तिको सङ्ख्या नाटकीयरुपमा बढेको छ। पछिल्लो विवरणमा चीनमा मात्र एक हजार ३५० भन्दाबढी व्यक्तिको मृत्यु भइसकेको छ भने ५० हजारभन्दा बढीमा कोरोनाको सङ्क्रमण देखिएको छ।

प्रधानमन्त्री मोरिसनले भन्नुभयो, “हाम्रो पहिलो कर्तव्य हरेक अष्ट्रेलियालीलाई सुरक्षित राख्नु हो।”

# हिमपहिरोमा परी सात जनाको मृत्यु

निली, अफगानिस्तान, १ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको एक प्रान्त दायकुन्डीको एक गाउँमा आएको हिमपहिरोमा परी एकै परिवारका चार सदस्यको मृत्यु भएको छ।

यस हिमपहिरोमा परी घाइते भएका सोही परिवारका अन्य एक जनालाई उद्धार गरिएको छ। त्यस पहिरोमा परी दुई जना बेपत्ता भएका प्रान्तीय सरकारका प्रवक्ताले बिहीबार बताउनुभएको छ।

दुर्गम स्थानमा रहेको मिरामुर जिल्लाको हेसर गाउँमा यो घटना भएको बताइएको छ। बुधवार अबेर राति घर हिमपहिरोले पुरिएपछि एक परिवार प्रभावित भएको सरकारका प्रवक्ता सकीना एहसानीले सिन्ह्वालाई बताउनुभएको छ।

स्थानीय गाउँलेले चार जनाको लास भेट्टाएको र यसै परिवारका एक सदस्य घाइते भएका र उनलाई उद्धार गरेको अझै दुई जना बेपत्ता रहेका प्रवक्ता बताउनुभएको छ।

अफगानिस्तानको राजधानी काबुलबाट २९० किलोमिटर पश्चिममा रहेको सो प्रान्तमा बुधबारको हिमपहिरोमा परी चार जनाको मृत्यु भएको तथा सोही दिन छिमेकमा पर्ने प्रान्तमा अन्य तीनको मृत्यु भएपछि यो सङ्ख्या सात पुगेको छ।

# गजेन्द्र नारायण सिंह क्रिकेट प्रतियोतिगाको तयारी पुरा

**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा आगामी ११ फागुनदेखि गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको छ ।

स्व. गजेन्द्र नारायण सिंहको स्मृति एवं सम्मानमा आयोजना गरिने प्रतियोगिता माध्यमिक विद्यालय कट्टीको खेल मैदानमा संचालन हुने तथा सो को सम्पूर्ण तयारी पुरा भएको गाउँपालिका अध्यक्ष सतिश सिंहले जानकारी दिएका छन् ।

प्रतियोगितामा सो गाउँपालिका अन्तर्गतका सवै ८ बटै वडा टिमको सहभागीता रहने छ । प्रतियोगितामा सहभागी हुने ८ वटै वडाका टिमलाई क्रिकेट खेल सामग्री समेत गाउँपालिकाका प्रमुख सिंहले हस्तान्तरण गरेका छन् ।

गाउँपालिका प्रमुख सिंहले खेलकुद क्षेत्रको विकास भएमात्र विकास निर्माणले गतिदिने बताए । उनले गाउँपालिकाको तर्फबाट योग्य खेलाडी उत्पादन तथा गाउँपालिकालाई माथि उठाउन वडा-वडामा खेल पुर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राखेको समेत जानकारी दिए ।

---

## सप्तकोशीको ...

वरुण वाटरवेज, बराहक्षेत्र मरिन एण्ड रिसोर्ट र बराहक्षेत्र जल यातायात तथा पर्यटन सेवा प्रालिले साना-ठूला गरेर सात जेट बोटबाट कोशी पुलदेखि बराहक्षेत्र हुँदै भोजपुर, धनकुटाको त्रिवेणीघाट र सिम्लेसम्म सेवा दिँदै आएका थिए । स्थानीयवासीले जथाभावी चन्दा उठाउने, कमिशन माग्ने तर सरकारले रोक्न कुनै कदम नचालेको व्यवसायीको गुनासो छ । "नदीमा पानीजहाज सञ्चालनका लागि प्रधानमन्त्रीले प्रतिबद्धता जनाएअनुसार करोडौँ खर्च गरेर सेवा विस्तार गर्‍यौँ, तर हाम्रो व्यावसायिक सुरक्षा भएन । त्यही भएर बन्द गर्न बाध्य भयौँ", कार्कीले भन्नुभयो ।

बोट सेवा बन्द भएपछि भोजपुर, खोटाङ, धनकुटाबाट तराई आउजाउ गर्ने दैनिक ७०० यात्रुलाई समस्या भएको छ । चतराबाट बराह क्षेत्र मन्दिर १० मिनेटमा यात्रा गर्दै आएका यात्रु समस्यामा परेका छन् । कूल १८ देखि ६० जनासम्म अट्ने बोट सप्तकोशीमा सञ्चालन हुँदै आएको थियो ।

# राष्ट्रिय सभा सदस्यद्वय यादव र सिंहलाई सम्मान

**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल सप्तरीले नवनिर्वाचित राष्ट्रिय सभा सदस्द्वय मृगेन्द्र कुमार सिँह यादब र शेखर कुमार सिंहलाई बिहीबार सम्मान गरेको छ ।

कार्यक्रममा हालै सम्पन्न उपनिर्वाचनमा छिन्नमस्ता गाउँपालिका ७ का वडाध्यक्ष पदमा निर्वाचित राजपाकी प्रमिला देवी यादवलाई पनि सम्मान सहित बधाई तथा शुभकामना दिएको छ ।

कार्यक्रममा राजपाबाट निर्वाचित विभिन्न नगर तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा राजपाका स्थानिय र केन्द्रिय नेताहरुले बधाई दिदै अब मधेशको जायज माग सम्बोधन गराउन र जिल्लाको विकास निर्माण कार्यलाई प्राथमिकतामा राखि अघि बढन आग्रह गरे ।



सो अवसरमा नवनिर्वाचित राष्ट्रिय सभा सदस्य तथा राजपा बरिष्ठ उपाध्यक्ष मृगेन्द्र कुमार सिंह यादवले निर्वाचित गराउने सम्पुर्ण प्रदेश सभा सदस्य तथा पालीका प्रमुख, उपप्रमुखलाई धन्यवाद ज्ञापन गरेका थिए । उनले मलेठ घटनाको कारण राजपा नेपालको जन्म भएको भन्दै चाडै सरकारमा नजाने तथा संविधान संशोधनको ग्यारेन्टी गर्नुपर्ने, सासंद रेशम चौधरीको रिहाई, अभिराम शर्मा उपर लगाईएको झुठा मुद्दा लगायतको माग पुरा हुनुपर्ने जिकिर गरे ।

उनले प्रदेश २ सरकार अन्तिम समयमा उपभोक्ता मार्फत कार्य गराएपनि हालसम्म भुक्तानी दिन नसकेकोमा गम्भीर हुनुपर्नेमा जोड दिदै प्रदेश सरकार जनताको अपेक्षा अनुरुप सरकार चलाउन नसकेको आरोप समेत लगाए ।

यस्तै अर्का राष्ट्रिय सभा सदस्य तथा बरिष्ठ उपाध्यक्ष शेखर कुमार सिंहले समेत सबैलाई धन्यवाद दिए । यसैगरि प्रतिनिधि सभा सदस्य चन्द्रकान्त चौधरीले निर्वाचित राष्ट्रिय सभा सदस्यहरुले जिल्लाको बिकासमा ठेवा पुऱ्याउन पहल गर्नुपर्ने बताए ।

सोही कार्यक्रममा प्रदेश सभा सदस्य तथा राजपा केन्द्रिय सदस्य बिदेश्वर यादबले राष्ट्रिय सभा सदस्द्वय जिल्ला र पार्टीको अभिभावकको रूपमा रहेको भन्दै पार्टीको संगठन, बिस्तार, सदृढिकरण सँगै पार्टीलाई मजबुत बनाउनु आबश्यक रहेको बताए । प्रदेश को ऐन कानुन निर्माण हुन नसक्दाँ प्रदेशले बिकासको गति लिन नसकेको बताउँदै उनले संघीय सरकार गम्भीर नहुदाँ कानुन बन्न नसकेको आरोप लगाए ।

सो अवसरमा रूपनी गाउपालीका हरेराम यादबले संगठन सुदृढिकरण र बिस्तार गरी एकजुट भएर अगाडी बढ्नु पर्ने आबश्यक रहेको जिकिर गरे । पार्टीले ईमान्दारीपूर्वक कार्य गरिरहेको अबस्था जनप्रतिनिधिमाथी हुने कुटपिट, दुर्व्यवहार बिरूद्ध पार्टी पंक्ति एकजुट हुनु पर्नेमा जोड दिए ।

राजपा केन्द्रीय सदस्य दिनेश यादबले निर्वाचित जनप्रतिनिधिहरूले पार्टीप्रति उत्तदायित्व रहेको अबस्थामा जनप्रतिनिधि उपर भएको दवर्यवहार दुःखद भएको बताए । उनले भने सिँहदरवार भनिने स्थानिय निकायका प्रमुख डाक्नेश्वरी नगरपालिका मेयर शिव नारायण साहलगायत उपर भएको घटनाले सरकारको लागि दुर्भाग्य भएको बताए ।

जिल्ला अध्यक्षमण्डल सदस्य हरेराम यादबको अध्यक्षतामा आयोजित सम्मान कार्यक्रममा प्रदेश सभा सदस्य नेद्रबिक्रम साह, राजपा महासचिव जयप्रकाश ठाकुर, राजपा केन्द्रीय सहमहासचिव गजेन्द्र कुमार मण्डल, राजपा केन्द्रीय कोषाध्यक्ष माधबी साह, जिल्ला समन्वय समिति प्रमुख प्रभाकर यादब, राजपा केन्द्रीय सदस्य बिशेश्वर रजक, जागेश्वर राय, दिपेन्द्र चौधरी, राजबिराज नगरपालीका नगरप्रमुख शम्भु प्रसाद यादब, डाक्नेश्वरी नगरपालीका प्रमुख शिवनारायण साह, छिन्नमस्ता गाउँपालीका ७ का वडा अध्यक्ष प्रमिला यादब लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए भने कार्यक्रमको संचालन राजपा सचिव मनोज कुमार झाले गरेका थिए ।


# कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या एक हजार तीन सय नाघयो

## हुबेइमा मात्र एकै दिनमा २४२ जनाको मृत्यु

बेइजिङ, १ फागुन (रासस/एएफपी) ।

कोरोनाभाइरसबाट बढी सङ्क्रमित भएको भनिएको चीनको हुबेइ प्रान्तको उहानमा मात्र एकै दिनमा २४२ जनाको मृत्यु भएको बताइएको छ ।

हुबेइ प्रान्तको उहानबाट गत वर्षको अन्त्यतिरबाट यसको सङ्क्रमण शुरु भएको यो भाइरसबाट हुने सङ्क्रमणलाई हालैमात्र वैज्ञानिकले 'कोभिड-१९' नाम दिएका छन् ।




प्रतिदिन यस रोगको प्रकोप फैलिएसँगै एकै दिनमा मृत्यु हुनेको सङ्ख्यामा पनि वृद्धि भइरहेको बताइएको छ । पछिल्ला केही दिनमा नयाँ सङ्क्रमण भएका मानिसको सङ्ख्यामा ठूलो मात्रामा वृद्धि भएको बताइएको छ ।

उहानमा मात्र थप १४ हजार ८४० जनामा यस भाइरसको सङ्क्रमण भएको पुष्टि भएको पछिल्लो समाचारमा जनाइएाको छ ।

बुधबार भएको यस मृत्युसँगै मृतकको कुल सङ्ख्या बुधबारसम्म एक हजार ३५० पुगेको चिनियाँ अधिकारीले जानकारी दिएका छन् ।

उनीहरुका अनुसार पछिल्लो समयमा निको भएर फर्किएका बाहेक हाल सङ्क्रण भइ उपचार गराइरहेका बिरामीको सङ्ख्या झन्डै ६० हजार पुगेको छ ।

यस सङ्क्रमणको उपचारका क्रममा कुनै कमी हुन नदिने चिनियाँ कम्युनिस्ट पार्टीले जनाएको छ । उक्त पार्टीले हुबेइ प्रान्तका सचिवलाई हटाएको बताएको छ ।

उक्त पार्टीले त्यस स्थानमा चीनको साङ्घाइका पार्टी प्रमुखलाई पठाएको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएका छन् । केही दिनअघिमात्र पनि सरकारले स्वास्थ्य सेवाबाट केही अधिकारीलाई पदमुक्त गरेको जनाइएको थियो ।

स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार हाल चीनमा सङ्क्रमित भएका बिरामीमध्ये करिब ८० प्रतिशत हुबेइ प्रान्तका मात्र रहेको नयाँ तथ्य पनि पत्ता लागेको बताइएको छ ।

यस सङ्क्रमणबाट उहानमा ज्यान गुमाएका २४२ जनामध्ये १३५ मा त्यसरी नै रोगको पुष्टि गरिएको थियो ।

हालसम्म यस प्रान्तमा मात्र सङ्क्रमण भएका व्यक्तिको सङ्ख्याया ४८ हजार २०६ पुगेको चिनियाँ स्वास्थ्य अधिकारीले जानकारी दिएका छन् ।

उता विश्व स्वास्थ्य सङ्गठनले भने चीनमा देखापरेको उक्त प्रकोपलाई अति सावधानीपूर्वक लिनुपर्ने धारणा राखेको छ । जेनेभामा आयोजित एक कार्यक्रममा उक्त सङ्गठनका प्रमुख टेड्रोस एड्हानोम गेहब्रेयससले यसबारे भ्रम फैलाउँदा त्यसले प्रकोप न्यूनीकरणमा असर पर्ने भन्दै यस प्रकोपलाई अति सावधानीपूर्वक लिनुपर्ने बताउनुभएको हो ।


## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**
राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**
डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**
बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*